## सार्वजनिक अपिल

आदरणीय दुहुँ गाँउपालिका वासि अभिभावक ज्यू हरु , दुहुँ गाँउपालिका अर्न्तगतका विद्यालयहरुमा कार्यरत शिक्षक गुरुहरु , विद्यार्थी भाइ बहिनीहरु शिक्षा प्रेमी, वुद्धीजीवी , राजनैतिक दल समवद्ध नेता ज्यूहरु, मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रको मार्ग लिए पश्चात राज्य शक्तीको बाँडफाँड तीन तहमा भएको छ ,नेपालको संविधान २०७२ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको संचालन, व्यवस्थापन, नियमनको जिम्मेवारी स्थानिय तहलाइ सुम्पेको छ । हाम्रो दुहुँ गाँउपालिका भित्र जम्मा १९ वटा सामुदायिक विद्यालयहरु मध्ये ५ वटा मा.वि. र वाकि आ.वि. हरु स्थापित छन । भौगोलिक तथा सामाजिक पहुँचका हिसावले नक्शांकन गर्दा सामुदायिक विद्यालयहरुमा सवैको पँहुच सहज रहेको देखिन्छ अथवा तत्काल थप विद्यालय खोल्नु पर्ने आवश्यकता देखिदैन यो अवस्था हाम्रा लागि सुखद हुँदा हुदै पनि सामुदायिक विद्यालयहरुमा खास गरि कक्षा १–५ मा घटदो विद्यार्थी संख्या , प्राय सवै तहमा कमजोर शैक्षिक उपलब्धि ,भौतिक अव्यवस्था , अभिभावकहरुको विद्यालयहरु प्रतिको उदासिनता ,योजनावद्ध सिकाइको अभाव, विद्यालय सरसफाइ , बालमैत्री शिक्षणका क्षेत्रमा हाम्रा विद्यालयहरुमा समस्याहरु छर्लङ्ग देखिएका छन । शैक्षिक वर्ष २०७४ को तथ्याकं अनुसार दुहुँ गाँउपालिका भित्रका कक्षा १–५ का विद्यालयहरुमा औसत शिक्षक विद्यार्थी अनुपात १ शिक्षक २२ विद्यार्थी रहेको छ , कक्षा ६–८ को अनुपात १/४४ छ , भने कक्षा ९–१० को अनुपात १/३४ रहेको छ , जवकि हुनुपर्ने अनुपात १ शिक्षक ४० विद्यार्थी हो । कृषि प्राविधिक विद्यालयको तिन वटै कक्षाको विद्यार्थी कोटा प्रति कक्षा ४० जना भए पनि सो संख्या प्रति कक्षा ३३ जना मात्रै दखिन्छ , एस. इ.इ. मा १.६ यस पालिकामा जी.पी.ए. ननाघ्ने विद्यार्थी संख्या पनि अत्यधिक देखिन्छ । यस कारण हाम्रा विद्यालयहरुमा सुधार अपरिहार्य छ , यहि यर्थात लाइ मध्यनजर गरी दुँहु गाँउपालिकाले आ.व. २०७३/७४ को वार्षि नीति तथा कार्यक्रममा सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारलाइ प्राथमिकतामा राखि "कक्षा कोठामा शिक्षक विद्यालयमा अभिभावक" कार्यक्रम तय गरी वजेट विनियोजन समेत भएको र सो कार्यक्रमका केहि कम्पोनेन्टहरु विद्यालयहरुमा कार्यान्वयन पनि भइरहेका छन । अव नयाँ शैक्षिक वर्षको सुरुवात भएको छ , शैक्षिक वर्षको सुरुवात सँगै गाँउपालिकाले सो कार्यक्रमलाइ प्रभावकारी कार्यान्वयन गर्ने योजना बनाएको जानकारी गराउदै, सामुदायिक विद्यालय सुधारको अभियानमा सवै पक्ष बाट सहयोग, सल्लाह,सुझावको अपेक्षा गर्दै मुख्यतया शिक्षकहरु,सम्वन्धित अभिभावकहरु, तथा विद्यालयहरुलाइ सुधार को तयारी गर्न सार्वजनिक अपील गर्दै यस पालिका भित्रका सबै विद्यालयहरुलाइ देहाय बमोजिमका कार्यक्रमहरु सम्पन्न गर्न अनुरोध गरिन्छ ।

१. मिति २०७४ वैशाख भित्र "हामी सवैको इच्छा, अनिवार्य निशुल्क शिक्षा"नारका साथ भर्ना अभियान र पाठ्यपुस्तक वितरण गर्ने ।

२. वैशाख तेस्रो साता भित्र अभिभावक शिक्षक प्रतिवद्धता भेला सम्पन्न गर्ने ।

३. वैशाख अन्तिम साता भित्र शैक्षिक योजना निर्माण तथा शैक्षिक सामग्री निर्माण गोष्ठी सम्पन्न गर्ने ।

(पुलेन्द्र कार्की)

गाउँपालिका अध्यक्ष

Scanned by CamScanner